नवौं गाउँसभा -२०७८।०३।१०

आज मितिः-२०७८।०३।१० गते यस जगन्नाथ गाउँपालिकाको सभाहलमा गाउँपालिकाका अध्यक्ष श्री काली बहादुर शाही ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थीतीमा आ.व.०७८।०७९ को पहिलो तथा यस गाउँपालिकाको नवौं गाउँसभा बसि देहाय बमोजिमको प्रश्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थितीः-

| | | |
|---|---|---|
| १ | श्री काली बहादुर शाही | अध्यक्ष |
| २ | श्री ऐना गिरी | उपाध्यक्ष |
| ३ | श्री रामलाम बोगटी | सदस्य |
| ४ | श्री कर्णबहादुर बिष्ट | सदस्य |
| ५ | श्री डम्मर बहादुर शाही | सदस्य |
| ६ | श्री पवन बहादुर भण्डारी | सदस्य |
| ७ | श्री प्रकाश बहादुर शाही | सदस्य |
| ८ | श्री कटक बहादुर बिष्ट | सदस्य |
| ९ | श्री डवल बिक | सदस्य |
| १० | श्री चैते ल्वार | सदस्य |
| ११ | श्री पछु दमाई | सदस्य |
| १२ | श्री सुर्जा ढोली | सदस्य |
| १३ | श्री सुलोचना रोकाया | सदस्य |
| १४ | श्री बिनपुरा शाही | सदस्य |
| १५ | श्री मनबहादुर बिष्ट | सदस्य |
| १६ | श्री भिम बहादुर बिष्ट | सदस्य |
| १७ | श्री भुन्टि कामी | सदस्य |
| १८ | श्री जयसुर बिष्ट | सदस्य |
| १९ | श्री नाउटी सार्की | सदस्य |
| २० | श्री अमृत ल्वार | सदस्य |
| २१ | श्री तुल्था ल्वार | सदस्य |
| २२ | श्री रमेश बहादुर शाही | सदस्य |
| २३ | श्री हंस बढुवाल | सदस्य |
| २४ | श्री नरी बुढा | सदस्य |

| | | |
|---|---|---|
| २५ | श्री बृख डडाँल | सदस्य |
| २६ | श्री जना रावत | सदस्य |
| २७ | श्री जनसरा दमाई | सदस्य |
| २८ | श्री मान कामी | सदस्य |
| २९ | श्री ईन्द्र बहादुर शाही | सदस्य |
| ३० | श्री तस्बिरा बुढा | सदस्य |
| ३१ | श्रि कालिकला सार्की | सदस्य |
| ३२ | श्री मानबहादुर बुढा | सदस्य |
| ३३ | श्री डवल सार्की | सदस्य |
| ३४ | श्री जनकला सार्कि | सदस्य |
| ३५ | श्री विनोद प्रशाद गैरे | प्रमुख प्रशासकिय अधिकृत (सदस्य सचिव) |
| ३६ | श्री कुम्भराज जोशी | प्रशासकिय अधिकृत |
| ३७ | श्री डा.जस्मिता बलमपाकी | मेडिकल अधिकृत |
| ३८ | श्री रबिन्द्र बहादुर शाही | स्वास्थ्य संयोजक |
| ३९ | श्री विनोद कुमार शाही | ईन्जिनियर |
| ४० | श्री सिर्जना शाही | आई.टी.अफिसर |
| ४१ | श्री खम्बिर शाही | लेखापाल |
| ४२ | श्री जय बहादुर साउँद | आ.ले.प. |
| ४३ | श्री दिपक बहादुर भण्डारी | प्रा.स. |
| ४४ | श्री सोनिया सोनी | सहायक पाचौ |
| ४५ | श्री यमेश्वरी खनाल | ओभरसियर |
| ४६ | श्री रुप बहादुर खड्का | कम्प्यूटर अपरेटर |
| ४७ | श्री कुबेर बम | ओभरसियर |
| ४८ | श्री परे विश्वकर्मा | खापासटे |
| ४९ | श्री लक्ष्मण जोशी | रोजगार संयोजक |
| ५० | श्री हेम बहादुर खड्का | सहायक चौथो |
| ५१ | श्री बिरेन्द्र भण्डारी | सहायक चौथो |
| ५२ | श्री निर्मला ओझा | सहायक चौथो |

| | |
|---|---|
| ५३ श्री मिना कुमारी भट्ट | सहायक महिला बिकास निरिक्षक |
| ५४ श्री नर बहादुर बुढा | ना.प्र.से.प्रा.भेटनरी |
| ५५ श्री मंगल प्रशाद उपाध्याय | ना.प.से.प्रा.कृषी |
| ५६ श्री दिपक सार्की | सवईन्जिनियर |
| ५७ श्री पर्शुराम आचार्य | सह संयोजक |
| ५८ श्री निराज शाही | सव ओभरसियर |
| ५९ श्री बियंका शाही | स्टाफ नर्स |
| ६० श्री सुरेन्द्र जंग शाही | अ.हे.व. |
| ६१ श्री गणेश बहादुर शाही | शाखा समन्वय अधिकारी |
| ६२ श्री दिपक बहादुर सार्की | ओभरसियर |
| ६३ श्री लोकेन्द्र सार्की | सव ओभरसियर |
| ६४ श्री कोपिला सिहं | सव ओभरसियर |
| ६५ श्री महेन्द्र खत्री | " |
| ६६ श्री देव सार्की | " |
| ६७ श्री मंगल बुढा | " |
| ६८ श्री बसन्त गिरी | न्यायिक ममिति सहायक |
| ६९ श्री लक्ष्मण गिरी | अमिन |
| ७० श्री बिजय शाही | फिल्ड सहायक |
| ७१ श्री अस्मिता सिहं | स्टाफ नर्स |
| ७२ श्री निर्मला बिष्ट | फिल्ड सहायक |
| ७४ श्री गोरख सिहं | का.स. |
| ७५ श्री जीर शाही | " |
| ७६ श्री भिम शाही | " |
| ७७ श्री नन्द बिष्ट | का.स. |
| ७८ श्री सर्जन कामी | " |
| ७९ श्री नयाँ सार्कि | " |
| ८० श्री प्रेम बिष्ट | " |
| ८१ श्री अकबिर बुढा | " |
| ८२ हेमराज उपाध्याय | मालिका दुङ |
| ८३ बविना विष्ट | अध्यक्ष, ९८४८४५३ |

प्रस्तावहरु:-

१ निर्णयहरु अनुमोदन सम्बन्धमा ।.

२ वडाको संख्या र सिमाना हेरफेर सम्बन्धमा ।

३ आ.व.०७८।०७९ को निति तथा कार्यक्रम अनुमोदन सम्बन्धमा।

४ आ. व. ०७८।०७९ को बजेट तथा कार्यक्रम अनुमोदन सम्बन्धमा ।

५ बिनियोजन ऐन २०७८ अनुमोदन सम्बन्धमा ।

६ आर्थिक ऐन २०७८ अनुमोदन सम्बन्धमा ।

७ समितीका निर्णयहरु अनुमोदन सम्बनधमा ।

८ क्षेत्रगत तथा वडागत रुपमा बजेट बिनियोजन र अनुमोदन सम्बन्धमा ।

९ रकम फिर्ता गर्ने सम्बन्धमा ।

निर्णयहरु:-

१ प्रस्ताव न १ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिका बैठक संख्या ९३ देखी १०६ सम्मका सम्पुर्ण निर्णयहरु मिति २०७८।०३।१० को सम्पन्न गाउँसभाले कार्यान्वयनका लागी अनुमोदन गर्ने निर्णय गरियो ।

२ प्रस्ताव न २ माथी आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिकाले मिति २०७८।०३।०९ गते स्वीकृत गरेको वडाको संख्या र सिमाना हेरफेर सम्बन्धी निर्णय मिति २०७८।०३।१० को सम्पन्न गाउँसभाले कार्यान्वयनका लागी अनुमोदन गर्ने निर्णय गरियो ।

३ प्रस्ताव न ३ माथी आवश्यक छलफल गर्दा यस गाउँपालिको कार्यपालिकाले मिति २०७८।०३।०९ गते स्वीकृत गरेको आ.व.०७८।०७९ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागी मिति २०७८।०३।१० गते सम्पन्न भएको नवौ गाउँसभाले अनुमोदन गर्ने निर्णय गरियो ।

४ प्रस्ताव न ४ माथी आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिकाले मिति २०७८।०३।०९ गते स्वीकृत गरेको आ.व.०७८।०७९ को बार्षीक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागी मिति २०७८।०३।१० गते सम्पन्न भएको नवौ गाउँसभाले अनुमोदन गर्ने निर्णय गरियो ।

५ प्रस्ताव न ५माथी आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिकाले मिति २०७८।०३।०९ गते स्वीकृत गरेको आ.व.०७८।०७९ को आर्थिक ऐन २०७८ कार्यान्वयनका लागी मिति २०७८।०३।१० गते सम्पन्न भएको नवौ गाउँसभाले अनुमोदन गर्ने निर्णय गरियो ।

६ प्रस्ताव न ६ माथी आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिकाले मिति २०७८।०३।०९ गते स्वीकृत गरेको आ.व.०७८।०७९ को बिनियोजन ऐन २०७८ कार्यान्वयनका लागी मिति २०७८।०३।१० गते सम्पन्न भएको नवौ गाउँसभाले अनुमोदन गर्ने निर्णय गरियो ।

७ प्रस्ताव ७ माथि आवश्यक छलफल स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस जगन्नाथ गाउँपालिकामा गठित समितिहरु ( राजश्व परामर्श समिति , बजेट श्रोत अनुमान समिति , बजेट सिमा निर्धारण समिति ) ले पेश गरेका निर्णयहरु तथा करका दायराहरुलाई कार्यान्वयनका लागी कार्यपालिका बैठकले स्वीकृत गरी २०७८।०३।१० मा सम्पन्न नवौ गाउँसभाबाट अनुमोदन गराउने निर्णय गरीयो ।

८ प्रश्ताव न ८ माथी आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिकाले मिति २०७८।०३।०९ गते स्वीकृत गरेको क्षेत्रगत तथा वडागत रुपमा बिनियोजित बजेट कार्यान्वयनका लागी मिति २०७८।०३।१० गते सम्पन्न भएको नवौ गाउँसभाले अनुमोदन गर्ने निर्णय गरियो ।

९ प्रश्ताव न ९ माथि आवश्यक छलफल गर्दा सुदुरप्रश्चिम प्रदेश सरकारले २०७८।०३।०१ गते प्रश्तुत गरेको नीति तथा कार्यक्रम र बजेटमा जगन्नाथ गाउँपालिकामा तपशिल बमोजिम बजेट बिनियोजन गरेको पाईयो;

१ कोल्टी, डुडिखुच्चा , दैया हुदै ढाड़ाकोट प्रदेशको पंचबर्षिय योजना भएको र उक्त सडकमा बिगत बर्षहरुमा प्रदेश्स सरकारले ट्र्याक खोल्नका लागि ५० लाख र २० लाख बिनियोजन प्रश्चात ट्र्याक कोल्ने काम भएको र सडकमा ग्याबिन,ड्रेन निर्माण र सडकको स्तरोउन्नति गर्नका लागि १ करोड ५० लाख पर्ने योजनामा जम्मा १ लाख मात्र विनियोजन गरेको ।

२ कर्णाली करिडोर अन्तरगत पर्ने बेर्मा,मनिकाडा, हुदै बढिमालिका जोड्ने सडकका लागी बिगत बर्षहरुमा जगन्नाथ गाउँपालिकाले ७६ लाख ,संघीय सरकार बिशेष अनुदान रु २ करोड र प्रदेश सरकार बाट ५० लाख बिनियोजन प्रश्चात मनिकाडा सम्म ट्र्याक खोल्ने काम भएको र उक्त खण्डलाई बहुबर्षिय योजनाको रुपमा अगाडी बढाईएको र त्रिवेणि सम्म ट्र्याक ओपन गर्नका लागि १० करोड आवश्यक पर्नेमा रु १ लाख मात्र रकम बिनियोजन भएकोले सुदुरप्रश्चम प्रदेश सरकार र आर्थिक मामिला मन्त्री प्रकाश बहादुर शाहलाई यस पालिकाको नवौ परिषदले खेद प्रकट गर्दै उक्त रकम सुदुरप्रश्चम प्रदेश सरकारलाई नै फिर्ता पठाउने निर्णय गरियो ।

# जगन्नाथ गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**जुड्डी, बाजुरा, सुदुरपश्चिम प्रदेश, नेपाल**

**(रातो किताब)**

## आ.व. २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रम र बजेट

**साथै**

**आ.व. २०७७।७८ को २०७८।०३।१० सम्मको खर्च तथा प्रगती प्रतिवेदन**

गाउँपालिका अध्यक्ष काली बहादुर शाही द्धारा

प्रस्तुत

# आर्थिक बर्ष २०७८/२०७९ को अनुमानित आय-व्ययको विवरण

जगन्नाथ गाउँपालिकाको कार्यालय

जुड्डी,बाजुरा

१० असार २०७८

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

## वार्षिक नीति तथा कार्यक्रम,२०७८।२०७९

जगन्नाथ गाउँपालिकाको सातौ ऐतिहासिक गाउँसभामा उपस्थित
गाउँपालिकाका उपाध्यक्ष ज्यु,वडा अध्यक्ष,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य,पत्रकार,सुरक्षाकर्मी र कर्मचारी ज्युहरु

- जगन्नाथ गाउँपालिकाको यस गरिमामय नवौं गाउँसभामा गाउँपालिकाको अध्यक्षको हैसियतले विकासको लागि मार्ग दर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष ०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएकोछु ।
- सर्वप्रथम मुलुकको राष्ट्रियता,सार्वभौमसत्ता,अखण्डता,राष्ट्रिय स्वाभिमान,प्रजातन्त्र र राष्ट्रिय समृद्विका लागि विगतमा भएका ऐतिहासिक जनआन्दोलन,संघर्ष र विभिन्न राजनैतिक आन्दोलनहरुमा जीवनको बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्वासुमन अर्पण गर्दछु । साथै राजनैतिक आन्दोलनका क्रममा बेपत्ता भएका नागरिक र घाइते योद्वाहरु प्रति उच्च सम्मान तथा सहानुभुति प्रकट गर्दछु ।
- मुलुकमा भएको राजनैतिक परिवर्तन संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकाले हाम्रो स्थानिय सरकारलाई विकास र समृद्विको यात्रामा अघि बढ्न सहज हुँदै गएकोछ ।देशको मानव विकास सुचकांक र विकासमा सबैभन्दा तल रहेको बाजुरा जिल्लाको यस गाउँपालिकाका आफ्नै चुनौति र समस्याका बाबजुद स्थानिय तह भित्र रहेका कृषि,जलस्रोत,जडिबुटि लगाएतका प्राकृतिक स्रोतको सम्भावना,अवसरलाई उचित व्यवस्थापन,परिचालन गर्दै विकास र परिवर्तनको लागी हामी प्रतिबद्धछौं।
- कोरोना महामारी बाट संक्रमित भई स्वदेश तथा विदेशमा ज्यान गुमाउनु भएका नेपाली दाजुभाई दिदिबहिनीप्रति हार्द्धिक श्रन्द्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।उपचाररत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुको सिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछु ।
- कोरोना महामारीको उच्च जोखिमको परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, स्वयमसेवक, नागरिक समाज,पत्रकार लगायत सम्पुर्ण जनप्रतिनिधि तथा राष्ट्रसेवकक प्रति सम्मान प्रकट गर्दछु ।
- उपलब्ध वितिय स्रोतको वितरण आवश्यकता,सामावेशिता,समन्यायिकता एवं समानुपातिक ढंगले वितरण,भौतिक पुर्वाधार निर्माण,आर्थिक समृद्धि र सुशासनको मार्गमा जगन्नाथ गाउँपालिका अघि बढिरहेकोछ।यस पालिकालाई आत्मनिर्भर बनाउन कृषि,जलस्रोत,पर्यटन र जडिबुटी व्यवसाय लगायतका क्षेत्रको विकास,बिस्तार र सुदृढीकरण गरिनेछ ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

म आर्थिक वर्ष ०७७।०७८ मा घोषित नीति तथा कार्यक्रमका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. संघियताको महत्वपुर्ण आधारको रुपमा रहेको स्थानिय सरकारको आधारशिला तयार भएकोछ । आफ्ना संवैधानिक अधिकारका क्षेत्रहरु कार्यान्वनका लागी विभिन्न स्थानिय कानुनहरुको निर्माण,वडा,तह र गाउँपालिका जनताहरुलाई प्रवाह गर्ने सेवाहरुमा समस्या नहोस भनेर कानुनी रुपमा करारमा कर्मचारीहरुको पदपुर्ति गरेर निष्पक्ष,सरल र प्रभावकारी रुपमा सेवा प्रवाह भएकोछ । स्थानिय स्तरमा रहेको जशक्तिको उचित परिचालन भएको महसुश गरिएकोछ ।
२. विकास निर्माणका कार्यहरु तिव्र रुपमा संचालन गर्न र आम नागरिकहरुलाई गुणस्तरीय सेवा घरदैलो सम्म पुर्याउन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिकको लागी तयार पारेको दरबन्दि तेरिज अनुसार लोकसेवा आयोग बाट प्रशासन सेवातर्फ १५ जना कर्मचारीहरु हाँजिर भएर काम काजमा खटिएकाछन । स्वास्थ्य सेवाका ६ जना कर्मचारी समायोजन भई आएका र कर्मचारीको पदपुर्ति पश्चात प्रत्येक जनताले वडा कार्यालय बाट सेवा प्राप्त गरिरहेकाछन। गाँउपालिकामा ९० जना स्थायी र करार कर्मचारी कार्यरत रहेकाछन् ।

गाउँ कार्यपालिकाको कार्यालय
जुइडी, बाजुरा
नेपाल

३. जगन्नाथ गाउँपालिकाको वडा नं ६,को काप्री, वडा नं ५,को भुकाखोला,वडा नं ३,को बेर्मा बजार,गाउँपालिकाको [illegible] पिलुचौर र कोल्टि सम्म नियमित रुपमा यातायात सेवा संचालन गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य भइरहेकोछ ।

४. यस आर्थिक बर्षमा (घ) बर्गका ८ वटा इजापत्र पत्र वितरण, ३ वटा सहकारी र ३४ वटा पशल गाउपालिकामा दर्ता हुनुका साथै १४ वटा योजनाको टेन्डर प्रक्रिया मार्फत काम संचालन गरिएकोछ।

५. गाँउपालिकाले प्रत्येक वडा कार्यालय सम्म यातायात संचालन गर्नका लागि पिलुचौर ढाडाकोट सडक,शेरा काँडाकोट सडक,कर्णाली करिडोरको बेर्मा बजार देखि मालिका जोडने सडक,कैलास मा.वि.,ढोलीबाडा,थारीकाँडा सडक र ओदाला देखि ६ नं वडा कार्यालय हुदै डाँग्री बाडा सम्म सडकको पहिलो घरणको काम सम्मन्न पश्घात यातायात सेवा संचालन भइरहेकोछ । यातायात संचालन पश्चात गाँउको उत्पादन बजार सम्म र बजारका दैनिक उपभोग्य र निर्माण सामाग्री सस्तो शुलभ तरिका बाट जनताको घर दैलो सम्म सहज तरिकाले पुगेकोछ।

६. अति बिपन्न घरधुरीलाई स्थानिय स्तरमा रोजगारी उपलब्ध गराउने उद्धेश्यले नेपाल सरकारको महत्वपुर्ण कार्यक्रमका रुपमा रहेको ***प्रधानमन्त्री रोजगार कार्यक्रममा*** जगन्नाथ गाँउपालिकाका १०६३ घरधुरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत गर्नुका साथै ६ वटै वडाहरु बाट २७८ जना कामदार छनोट गरि २० वटा योजनाहरु सम्पन हुनुका साथै कामदारले १०० दिनको रोजगारी प्राप्त गरेकाछन् ।

७. गाँउपालिकाले आर्थिक बर्ष २०७६।२०७७ बाट शुरुवात गरेको ***अध्यक्ष रोजगार कार्यक्रम*** मार्फत ६ वटै वडाका ६० घरधुरीले १०० दिनको रोजगारी प्राप्त गर्नुका साथै ६ वटा भौतिक पुर्वाधार निर्माणका योजना सम्पन्न भएकाछन् ।

८. जगन्नाथ गाँउपालिकाको समन्वयमा आर्थिक बर्ष २०७७।२०७८ मा ***(UN-WFP Nepal) को आर्थिक सहयोगमा एकिकृत विकास समाज (IDS Nepal)*** को प्राविधिक सहयोगमा संचालन गरिने कोभिड-१९ जिविकोपार्जन तथा आर्थिक पुर्नउत्थान परियोजनाका लागि वडा नं १ देखि ६ सम्मका ३४२ जना सर्त सहित र १२८ जना निशर्तमा गरि जम्मा ४७० जनाले ४० दिनको रोजगारी प्राप्त गर्नुका साथै १३ वटा योजनाहरु सम्पन्न भएकाछन् ।

९. वडा नं १,२,५ र ६ का वडा कार्यालयका भवनको निर्माण प्रक्रिया सम्पन्न भएंर यसै आर्थिक बर्षको श्रावण महिना बाट संचालनको तयारीमा रहेको र वडा नं ३ को वडा कार्यालय निर्माणका लागि टेण्डर पश्चात सम्झौता भइसकेकोछ ।

१०. युवा तथा खेलखुद मन्त्रालयको नीति अनुरुप स्थानिय तहमा दीर्घकालिन महत्वका खेलकुद पुर्वाधार (खेलग्राम) निर्माणको लागि जगन्नाथ गाँउपालिकाको केन्द्र,जुइडीमा पहिलो चरणको काम सम्पन्न पश्चात दोस्रो चरणको कामका लागि टेन्डर पश्चात निर्माणको काम संचालन भइरहेको ।

११. जनताको स्वच्छ पिउने पानिको अधिकार सुनिश्चित गर्नका लागि गाँउपालिकाले महौका खानेपानी,दाखातडी खानेपानी,ढोलीवाडा खानेपानी टयाङ्की मर्मत,गवाकोट खानेपानी,मनिकाँडा खानेपानी,पाल्ता खानेपानी ढोलिवाडा,चाका खानेपानी मुल सुधार,भुजेनी खानेपानी,वामपानी खानेपानी सम्पन्न र एघारिमुल खानेपानी निर्माण योजनाको काम संचालनमा रहेकोछ ।

१२. जनताको खाद्य अधिकारको सुनिश्चतता र कृषकको आम्दानी बढाउने उद्धेश्यले गाँउपालिकाले सिंचाइ सुविधा कम भएका वडाहरुमा सिंचाई कुलाहरुको निर्माणको काम सम्पन्न भएकाछन् । रिखोला सिंचाई कुलो, ,ढिकुली सिँचाई कुलो,बस्केना सिचाई कुलो,मनिकांडा सिंचाई कुलो,वनगढा चाका सिंचाई कुलो,दोमुल सिंचाई कुलो,भेरागाढ बाट तालीखेत सिंचाई कुलो,दैतेढुङ्गा देखी देउला सम्म सिचाई कुलो,माथिल्लो लिगलिगेबाट पातल दमाईवाडा सिचाई कुलो,कालढाँड काप्री सिंचाइ कुलो र रानीपाटा सिंचाई कुलोको काम सम्पन भएकोछ।

१३. विद्यालयहरुमा शिक्षकको उपस्थिति बढाउनका लागि माद्यमिक र नि.मा.वि तहमा विद्युतिय हाँजिरी जडान,गाँउपालिका बाट नियमित अनुगमन र ५ जना कम्पुटर शिक्षक, २ जना गुरुकुल र १ जना मालिका प्रा.वि.नाराकोटमा स्वंयमसेवक शिक्षक भर्ना गरिएकाछन् ।

१४. सिकाई सहजिकरण र गुणस्तर सुधारका लागि कक्षा १ देखि ५ सम्म बैकल्पिक सिकाइ पुस्तिका वितरण र प्रत्येक महिनाको २ गते प्र.अ.बैठक बसी विद्यालयको शैक्षिक गतिविधिका रिपोटइग गर्ने गरिएकोछ ।

१५. नियम विपरित अनुपस्थित हुने शिक्षकहरुको तलव रोक्का गरि आवश्यक कार्वाही प्रक्रिया अगाडी बढाइएको ।

१६. कोरोना कहरका बिचमा श्रावण ७ गते बाट विद्यालय संचालन भएर नियमित पठनपाठन,क्वारेन्टाइन बनाइएका विद्यालयहरु मास्क,सेनिटाइजर र सरसफाई सामाग्री वितरण गरिएकोछ ।

१७. कैलाश मा.वि. र सरस्वती मा.वि.बाहेक १५ वटा विद्यालयको लेखा परिक्षण र विद्यालयका लेखापाल र प्रधानाध्यापकलाई एक दिने लेखा व्यवस्थापन तालिम संचालन,स्वंयमसेवक शिक्षकहरुलाई २ दिने सेवा प्रबेश तालिम संचालन गरिएकोछ ।

१८. गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता र जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्डमा सहभागिता गरियो ।

१९. आवश्यकताका आधारमा विद्यालयहरुलाई कार्पेट,पिफर्म र महादेव र वालविकास आधारभुत विद्यालयलाई ३/३ वटा कम्प्युटर र १/१ सेट फोटोकपी मेसिन वितरण गरियो ।

२०. विद्यालयको भौतिक पुर्वाधार निर्माण तर्फ भवानी प्रा.वि.को एक कोठे भवन,वालविकास आ.वि.को भवन,महादेव नि.मा.वि.भवनको तला थप, वालकल्याण प्रा.वि.को २ कोठे भवन,खिरारुख प्रा.वि.को २ कोठे भवन,देवलकोट मा.वि.को ५ कोठे भवन,सरस्वती आ.वि र पशुपति आ.वि.को भवनको निर्माणको काम सम्पन्न भएकोछ ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

२१. विद्यालयको बाहय वातावरणको भौतिक पुर्वाधार सुधार तर्फ सरस्वती मा.वि. को फिल्ड,भवानी प्रा.वि.को घेरबार,वैदिक सनातन गुरुकुल को ट्वाईलेट मर्मत, विरुवा प्रा.विको सौचालय,देवलकोट माविको सौचालय,देवलकोट माविको घेरबार र देवलकोट प्रा.वि शाखाको घेरबारको सम्पन्न भएकाछन् ।

२२. अन्य सार्वजनिक पुर्वाधार निर्माण तर्फ डिम्मर गाउँ साझा भवन,जगन्नाथ ठाकुर ज्यू को मन्दिर,रातादह समुदायीक बन घेरबार,वसन्त सामुदायीक बनको घेरबार र गाउँपालिका भित्र ६ कोठाको कर्मचारी आवास निर्माणको काम सम्पन्न भएकोछ।

२३. स्वास्थ्य सेवा तर्फका नियमित कार्यक्रम अन्तर्गत स्तनपान सप्ताह,वडा तथा गाउँपालिकालाई पुर्ण खोप घोषणा,भिटामिन ए र जुकाको औषधी वितरण,बार्षिक समिक्षा गोष्ठि र नियमित स्वास्थ्य संस्थाको अनुगमन सम्पन्न भएकाछन् ।

२४. गाउँपालिका भित्र १८४ जना सुत्केरी आमाहरुलाई प्रोत्साहन भत्ता र २ जना सुत्केरी हुन नसकेका महिलाहरुलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम द्धारा उत्थान गरियो।

२५. गाउँपालिका भित्रका ६ वटै वडाहरुमा जनताको सुरक्षित र भरपर्दो स्वास्थ्य सेवा पाउने अधिकारको संरक्षण गर्दै आवश्यक आधारभुत औषधि उपकरण सहित वडा नं ४ मा खोप केन्द्र निर्माण,वडा नं १,वडा नं ३,वडा नं ५ र वडा नं ६ मा संघिय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यक्रम अन्तर्गत आधारभुत स्वास्थ्य केन्द्रहरुको भवन निर्माणको काम सम्पन्न भएर यसै आर्थिक बर्षको श्रावण बाट संचालनमा ल्याइनेछन । गाउपालिकाको केन्द्र जुड्डीमा १० शैयाको अस्पताल टेन्डर स्वीकृत भएर काम संचालनको प्रक्रियामा रहेकोछ ।

२६. गाउपालिकाको केन्द्र जुड्डीमा अस्थायी कोरोना अस्पताल निर्माण पश्चात अस्पताल संचालनका लागि १ जना एम.वि.वि.एस.डाक्टर,२ जना स्टाफ नर्स,१ जना ल्याव असिष्टेन्ट,१ जना कार्यालय सहयोगी र १ जना स्वीपर भर्ता गरेर सेवा संचालन गरिएकोछ ।

२७. अस्पताल संचालन पश्चात बिरामीहरुको पेट बाट पानी निकाल्ने,चिरफार, घाउमा टाँका लगाउने र निकाल्ने,घाउको झिल्लीको फोहोर र जालो निकाल्ने,पोलेको घाउमा उपचार,आँखाको फोहोर झिक्ने काम,कानको सफाई र महिलाको पाठ्यघरको चेकजाँच जस्ता सेवा दिने काम भएकोछ ।

२८. अस्पताल संचालन पश्चात हाल सम्म १७२५ जना बिरामीको चेकजाँच,परामर्श र १५ जना कोरोनाका बिरामीको उपचार गरिएकोछ ।

२९. अस्पताल संचालनका लागि स्वास्थ्य उपकरण (अक्सिजन कन्सन्टेटर-४,अक्सिजन सिलिण्डर -४,भिडियो एक्सरे मेसिन -१,इसिजि मेसिन -१,अटोक्कोप-१,अटोक्लेप-२,माइक्रोसकप-१) खरिद तथा सहयोग बाट प्राप्त भएकाछन् ।

३०. कृषकहरुलाई तरकारी मिनिकिट,गार्डेन पाइप,प्लाष्टिक टनेल,हजारी र कृषि औजार ,कृषकको उत्पादन बढाउनका लागि ६ वटा हाते टयाक्टर वितरण र ट्याक्टर संचालनका लागि १२ जनालाइ तालिमको व्यवस्था गरिएको छ ।

३१. कृषि ज्ञान केन्द्रको सहयोगमा वडा नं २,काँडाकोटमा स्याउ पकेटका लागि ६००० स्याउ,वडा नं ५,गोत्रीमा ७०० ओखर र वडा नं ६,मा १६० किविका बिरुवा र फलफुल दशक अन्तर्गत वडा नं १ देखि ६ सम्मका लागि २५०० उन्नत जातका ओखर तथा वडा नं ३,मा उन्नत जातव ५०० स्याउका बिरुवा बितरण गरिएकाछन्।

३२. पशुसेवा कार्यक्रम अन्तर्गत औषधि खरिद वितरण वडा नं १ देखि ६ सम्मका ४६० वटा कुकुरलाई रेबिज खोप,५४६ जना पशुपालक कृषकहरुलाई परामर्श सेवा र औषधी वितरण गरियो ।

३३. बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत वडा नं १ देखि ६ सम्मका १८० जना सुनौला हजार दिनका आमाहरुलाई कुखुराका चल्ला वितरण गरिएकाछन् ।

३४. मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छि विकास कार्यक्रमको आर्थिक सहयोगमा वडा नं ४ र ६ मा व्यवसायिक रुपमा बाख्रापालन गर्दै आएका ५० जना कृषकहरुलाई बाख्राको खोर निर्माण,उन्नत जातका बोका वितरण र संघिय सरकार र गाउँपालिकाको अनुदानमा वडा नं ५ मा बाखा खोर निर्माण कृषि फर्म स्थापना गरिएकोछ ।

३५. सामाजिक सुरक्षाको रकमलाई पारदर्शी बनाउनका लागि प्रत्येक वडाको लगत अद्यावधिक,परिचय पत्र वितरण,व्यक्तिगत घटना दर्ता शिविर,वडा नं १ देखि ६ सम्म लाभग्राही व्यक्तिहरुको खाता खोल्नुका साथै बैंक मार्फत सामाजिक सुरक्षाको वितरण गर्ने काम सम्पन्न भएकोछ ।

३६. गाउँपालिका भित्रका महिला,वालवालिका,जेष्ठ नागरिक र अपाङ्गहरुको लगत संकलन र लैङ्गिक हिंशामा परेका महिलाहरुका लागि हिंसा निवारण कोषको स्थापना गरिएकोछ।

३७. गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि १ जना सहजकर्ताको पदपुर्ति,८८ जना सम्भाव्य उद्यमीहरुलाई उद्यमशिलता विकास तालिम,१२ जना महिलाहरुलाई सिलाईकटाइ तालिम र पुराना १० जना उद्यमीहरुलाई प्रबिधि हस्तान्तरण गरिएकोछ ।

३८. प्राकृतिक प्रकोपका कारण श्रावण देखि पौष मसान्त मृत्यु भएका,अंगभंग भएका र भौतिक क्षति भएका तपशिल बमोजिमका परिवारलाई यस गाउँपालिकाले आफ्नो विपद व्यवस्थापन तथा राहत कोषबाट व्ययभार हुने गरी भौतिक क्षति भएका ५७ घर परिवारलाई प्रति परिवार रु.३,०००। का दरले रु १,५१,०००। आगलागी बाट क्षति भएका १ परिवारलाई रु ५,०००। र मृत्यु भएका २ परिवारलाई रु २५,०००। का दरले रु ५०,०००। गरि जम्मा २,२९,०००। राहत वितरण गरिएकोछ ।

३९. जगन्नाग गाउँपालिकाले आर्थिक बर्ष २०७७।२०७८ मा विभिन्न शिषर्कमा आजका मिति सम्म ११ लाख ३५ हजार १ सय ९९ रुपैंया राजश्व उठाएकोछ।

४०. गाउँपालिकाले उत्कष्ठ काम गर्ने १ जना कर्मचारी,१ जना शिक्षक,१ वटा विद्यालय,१ जना कलाकार र १ जना मिडियालाई पुरुस्कृत गरिएकोछ ।

गाउँपालिकाको विकासमा योगदान गर्ने राजनीतिक दल,राष्ट्र सेवक कर्मचारी,बुद्धिजिवि,सामुदायीक क्षेत्र,सहकारी,श्रमिक बर्ग,नागरिक समाज,आमसञ्चार लगायत सम्पुर्ण दाजुभाइ तथा दिदिवहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

कृषि तथा पशुपालन

१.दलहन बाली,तरकारी र फलफूल (कागती,सुन्तला,किवि,ओखर,स्याउ, र केरा) जातका बिरुवालाई उच्च प्राथमिकता दिई व्यवसायीक खेति गर्न किसानलाई प्रोत्साहन गरिनेछ ।

२.गाउँपालिका भित्र उपयोगमा नआएको सरकारी बाँझो जमिनमा व्यवसायीक फलफूल खेति गरिनेछ ।

३.एक घर एक करेशा बारी कार्यक्रमलाई निरन्तरता,व्यवसायीक तरकारी र फलफुल खेति गरिने क्षेत्रमा सिचाइ प्रणाली विकास गर्न साना सिचाइ योजनालाई प्राथमिकता दिइनेछ।

४.खाद्यान्न बालीको उत्पादन बृद्धि गर्न उन्नत बिउ,मल र सिचाइमा जोड दिइ कृषि उत्पादकत्व बढाई खाद्य सुरक्षाको प्रत्याभुति गरिनेछ ।

५.कृषकहरुको उच्च सम्मानका लागि कृषक सुचिकृत गरि किसान परिचय पत्र वितरण र कृषि यान्त्रिकरणमा जोड दिइनेछ ।

६.विदेशमा रोजगारी गुमाएर फर्किएका युवाहरुले फर्म दर्ता गरि भेडा,बाख्रा,उन्नत गाई,भैसी व्यवसायीक रुपमा पालिरहेका किसानलाई पचास प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

७.व्यवसायीक रुपले कृषि तथा पशुपालन गरिरहेका कृषकलाई बिमा गर्नका लागि सम्बन्धित निकाय संग समन्वय गरिनेछ ।

८.गाउँपालिका भित्र पशु स्वास्थ्य शिविर,औषधी-उपकरण सहज रुपमा उपलब्ध गराइनेछ ।

९.गोठ,खोर,भकाँरो सुधार कार्यक्रम र मलखाद व्यवस्थापनलाई अभियानका रुपमा संचालन गरि कम्पोष्ट मल उत्पादनमा जोड दिइनेछ ।

१०.उन्नत जातका पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान गर्न प्रदेश तथा संघ सरकार संग पहल गरिनेछ ।

शिक्षा

११.सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक नतिजाको आधारमा प्रोत्साहन गरिनेछ ।

१२.समुदायको आवश्यकताका आधारमा वडा नं ४,मा भिमसेन आधारभुत विद्यालय नयाँ स्थापना गरि कक्षा एक संचालन र बैदिक सनातन गुरुकुललाई कक्षा ८ को कक्षा थप अनुमति,महाँदेव आधारभुत विद्यालय र खिरारुख आधारभुत विद्यालयमा वाल कक्षा संचालनका लागि अनुमति प्रदान गरिनेछ ।

१३.गाउँपालिकाले भर्ना गरेका स्वंयमसेवक शिक्षकको मासिक रु २०००। का दरले तलब बृद्धि गर्नुका साथै दरबन्दी आवश्यकता भएका विद्यालयहरुमा स्वंयमसेवक शिक्षक पदपुर्ति गरिनेछ।

१४.शैक्षिक संस्थाको गुणस्तर बृद्धि गर्न नि.मा.वि.मा इन्टरनेट जडान गर्नुका साथै प्रत्येक विद्यालयमा कार्यालय प्रयोजनका लागि एक/एक सेट कम्प्युटर उपलब्ध गराइनेछ ।

१५.आधारभुत तहका विद्यालयहरुमा विद्युतिय हाँजिरी जडान गरिनेछ ।

१६.शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१७.शिक्षाको गुणस्तर अभिबृद्धिका लागि शिक्षकको पेशागत क्षमता विकास,ग्रेड टिचिङ्ग,अतिरिक्त कक्षा संचालन र अनुगमनलाई निरन्तरता दिइनेछ ।

१८.वालवालिकाको शाररिक,मानसिक र संवेगात्मक विकास गर्न विद्यालय र गाउँपालिका स्तरिय खेलकुदका सहक्रियाकलाप संचालन गर्नुका साथै राष्ट्रपति रनिङ्ग शिल्डमा जिल्ला,प्रदेश र संघमा पदक जित्ने खेलाडीलाई पुरुस्कृत गरिनेछ।

१९.हाम्रो विद्यालय स्वच्छ र हरियाली विद्यालय भन्ने नारा कार्यान्वयन गरिनेछ र उत्कृष्ठ विद्यालयलाई पुरस्कृत गरिनेछ ।

२०.कोभिड-१९ का कारण विद्यालयको पठनपाठन अबरुद्ध भएकोले स्वास्थ्य मापदण्ड अपनाई नियमित पठनपाठन संचालन गरिनेछ ।

२१.प्रत्येक विद्यालयमा वालैत्री धारा सहित स्वच्छ खानेपानी र शौचालयको व्यवस्था गरिनेछ।।

२२.शिक्षकको कार्य सम्पादन र कार्यक्षमताका आधारमा पुरुस्कारको व्यवस्था गरिनेछ ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

स्वास्थ्य

२३.कोभिड-१९को महामारी बाट नागरिकको जीवन रक्षा,रोकथाम,नियन्त्रण र तथा उपचारका लागि स्वास्थ्य पुर्वाधार निर्माण र स्वास्थ्यकर्मीको परिचालन गरिनेछ।

२४.कोभिड-१९को निशुल्क परिक्षण र उपचारको व्यवस्था गरिएकोछ।कोभिड बाट संक्रमित बिरामीको उपचारमा कमि हुन नदिन स्वास्थ्य सामाग्री र अक्सिजनको व्यवस्था गरिनेछ ।

२५.कोभिड-१९ बाट संक्रमित भई घरमा रहेका विरामीहरुको स्वास्थ्य अवस्थाको निगरानि,परामर्श र निशुल्क उपचारको व्यवस्था गरिनेछ ।

२६.कोरोना महामारीको दोस्रो लहरमा देखिएको उच्च जोखिमलाई मध्यनजर गरि गाउँपालिकामा उपलब्ध स्रोतसाधनलाई रोकथाम,नियन्त्रण,उपचार र स्वास्थ्य सामाग्रीमा खरिदमा खर्च गरिनेछ।

२७.कोभिड-१९ को रोकथामका लागि समुदाय स्तरमा छापा,विद्युतिय र समुदाय स्तरमा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

२८.कोरोना अस्पतालको सुदृढिकरण र आवश्यक जनशक्ति करारमा भर्ना गरिनेछ।

२९.महाँमारीको बेला अग्रभागमा खटिने स्वास्थ्यकर्मीको मनोवल बृद्धि गर्नका लागि क्वारेन्टाइन र आइसोलेशनमा खटिने कर्मचारीका लागि प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

३०.गाउँपालिका भित्रका ६ वटै वडामा डाक्टर सहितको घुम्ति स्वास्थ्य सेवा,विद्यालय स्वास्थ्य कार्यक्रम र गाउँपालिकामा बिशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

३१.गर्भवति महिलाको गर्भावस्थाको निशुल्क परिक्षण,प्रत्येक वडामा बर्थिङ्ग सेन्टर बिस्तार गरिनेछ।

३२.स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३३.जनतालाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्याउन एम्बुलेन्स सेवा संचालन र गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवा बिस्तार गरिनेछ ।

भाषा,संस्कृति र पर्यटन

३४.समाजमा परम्परा देखि मनाउदै आएका धार्मिक तथा साँस्कृतिक चाडपर्वहरु मनाउन आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

३५.जगन्नाथ ठाकुर ज्यूको मन्दिर,महति कैलास,लिगलिगे र बडिमालिकाको प्रचार प्रसारमा जोड दिइनेछ ।

३६.स्थानीय बाजाको संरक्षण र ऐतिहाँसिक पोशाकको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ।

स्थानीय,ग्रामिण,कृषि सडक र सिंचाइ सम्बन्धी व्यवस्था

३७.गाउँपालिका भित्रका मुख्य तथा शाखा सडकहरुको स्तरोउन्नती गरिनेछ ।

३८.गाउँपालिका भित्र संचालन गरिने योजनाहरुको योजना खाता कार्यान्वयनमा ल्याइनेछ ।

३९.गाँउपालिका भित्र सिंचाइको सम्भावना भएका सिंचाइ कुलो,पानी पोखरीका लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

खानेपानी,सरसफाई तथा ढल निकास

४०.गाउँपालिका भित्रका नागरिकले स्वच्छ खानेपानीको सुनिश्चतताका लागि खानेपानीका पुर्वाधार निर्माण,स्रोत र मागको आधारमा एक घर एक धाराको अवधारणालाई कार्यान्वयन गरिनेछ।

४१.एक घर एक चर्पी,जुठ्यान र चाडको नीति पुर्ण रुपमा लागु गरिनेछ ।

४२.खानेपानीको मुहान दर्ता,संरक्षण,मर्मत संभार कोष र मासिक शुल्क र खानेपानी सुरक्षा योजनालाई निरन्तरता दिइनेछ ।

४३.बजार बिस्तारको चरणमा रहेका पिलुचौर,जुइडी र बेर्मा बजारमा ढल निकास र डम्पिङ्ग साइटको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

४४.परम्परागत खानेपानीका मुहानहरु संरक्षण गरिनेछन ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

उर्जा तथा जलविद्युत

४५.जुइडी खोला,भुकाँ खोला र बइडीगाड लघु जलविद्युत आयोजनाको स्तरोउन्नती र लेखा प्रणालीलाई व्यवस्थित गर्नका लागि सफ्टवेयर सिष्टम र डिजिटल मिटर रिडिङ्गका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

४६.घरभित्रको धुवा न्युनिकरणका लागि सुधारिएको चुलो जडान कार्यलाई अभियानको रुपमा संचालन गर्न विभिन्न सरोकारवाला निकायहरु संग समन्वय गरिनेछ ।

४७.पिलुचौर,जुड्डी र बेर्मा बजारमा सोलार बत्ति जडानका लागि आवश्यक बजेट विनियोजन गरिएकोछ ।

युवा तथा खेलकुद

४८.युवाहरुमा अन्तरनिहित प्रतिभाहरुको विकास गर्न साहित्य,संस्कृति,कला,संगित,खेलकुद,विज्ञान तथा प्रविधिको क्षेत्रमा प्रोत्साहन गरिनेछ।

४९.उच्च शिक्षा अध्ययन गरिरहेका र अध्ययन गरिसकेका इच्छुक प्रतिभाशाली युवाहरुलाई सामाजिक सेवामा प्रोत्साहन गरिनेछन ।

५०.युवाहरुलाई सीपमुलक तालिम (सिलाईकटाइ,प्लम्बिङ्ग,अटोमोवाइल,मोवाइल मर्मत,हाउसवाइरिङ्ग) संचालन गरिनेछ ।

५१.गाउँपालिका भित्र निर्माणाधिन रहेको खेलग्रामका लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ।

श्रम तथा रोजगारी

५२.गाउँपालिका भित्रका बेरोजगार व्यक्तिको तथ्याँक संकलन र अद्यावधिक गरिनेछ ।

५२.संघिय सरकारको मर्म बमोजिम गाउँपालिकाले अध्यक्ष रोजगार कार्यक्रममा ६० जना युवायुवतिहरुलाई १०० दिनको रोजगारी उपलब्ध गराइनेछ ।

५३.प्रधानमन्त्री रोजगार कार्यक्रम बाट ४०० जना युवायुवतीहरुलाई १०० दिनको रोजगारी र सीपमुलक तालिम(हाउस वाइरिङ्ग,मोवाइल मर्मत,अटोमोवाइल र ग्याविन बुनाइ) संचालन गरिनेछ ।

वन तथा वातावरण

५४.जडीबुटीको अध्ययन अनुसन्धान र प्राकृतिक सोंतको उपयोग र वातावरण संरक्षण गरिनेछ।

५५.राष्ट्रिय वन,सामुदायीक वन,धार्मिक वन,कबुलियती वन,नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

५६.हरियाली बढाऔ,खडेरी बाट मुक्त होऔ भन्ने नारालाई कार्यान्वयन गर्न खाली जग्गामा अनिवार्य रुपमा बृक्षारोपण गर्न सामुदायीक वनहरुलाई प्रोत्साहन गरिनेछ।

उद्योग

५७.घरेलु,कुटिर उद्योग स्थापना गर्ने व्यक्ति तथा फर्मलाई प्रोत्साहन गर्नुका साथै संचालनमा रहेका कुटिर उद्योगलाई दर्ता प्रक्रियाका लागि प्रोत्साहन गरिनेछ।

५८.कुटिर,लघु तथा साना उद्योग संचालन गर्ने महिला तथा बिदेश बाट फर्किएका युवाहरुलाई व्यवसायको आधारमा ५० प्रतिशत सम्म अनुदानको व्यवस्था गरिनेछ।

५९.गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) मार्फत युवायुवतिहरुलाई सीपमुलक तालिमहरु संचालन गरिनेछन ।

६०.परम्परागत सीप (मुर्तिकला,हस्तकला र काष्ठकला) को जगेर्ना गर्दै परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवाहरुलाई प्रोत्साहन गरिनेछ ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

सूचना तथा संचार

६१.गाउँपालिका,वडा कार्यालय,स्वास्थ्य संस्था र विद्यालयकहरुमा इन्टरनेट सेवा संचालन जडान गरिनेछ ।

६२.गाउँपालिकामा भए गरेका क्रियाकलापहरु विद्युतिय र छापा माध्यम मार्फत सार्वजनिकिकरण गरि पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरिनेछ।

६३.नागरिकको सूचना पाउने हक अधिकारलाई आत्मसात गरि गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई सूचनापाटी,स्थानिय पत्रपत्रिका,ओइभसाइट,एफ.एम.रेडियो मार्फत सूचना प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।

६४.गाउँपालिकाले बनाएका नीति,नियम,ऐन,कानुन र निर्देशिकाहरु गाउँपालिकाको ओएवसाइटमा राखिनेछन्।

६५.गाउँपालिकाको समग्र बस्तुस्थिति झल्किने डिजिटल पाश्वचित्र तयार गर्ने पालिकामा सूचना केन्द्रको स्थापना गरिनेछ ।

**विपद व्यवस्थापन**

६६.विपद जोखिम न्युनिकरण,खोज उद्धार तथा राहत सम्बन्धि कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विपद व्यवस्थापन कोष स्थापना गरि पिडितलाई राहत उपलब्ध गराइनेछ।

६७.गाउँपालिकाले बिगतमा दिदै आएको राहतमा पुनरावलोकन गरि प्रहरी मुचुल्काका आधारमा रु ५० हजार सम्म क्षति भएमा रु ५हजार ५० हजार भन्दा माथि क्षति भएमा रु १० हजार सम्म र व्यक्तिको अंङ्गभङ्ग भएमा १५ हजार र मृत्यु भएमा रु २५ हजार सम्म राहत उपलब्ध गराइनेछ ।

६८.गाउँपालिकाको विपद जोखिम योजना तयारी,विपद व्यवस्थापन कोषको व्यवस्था र मापदण्डका आधारमा राहत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

६९.खरको छानो बिस्थापित गर्ने कार्यक्रम अन्तर्गत प्राथमिकताको आधारमा छनौट गरि कार्यान्वयन गरिनेछ ।

७०.बाढी,पहिरो,आगलागी,सुक्खा खडेरी जस्ता प्राकृतिक बिपतिमा परेका व्यक्तिको उद्धार गरि तुरुन्त राहत उपलब्ध गराउन नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाइटी र नेपाली सेना संग समन्वय गरि उद्धार र प्राथमिक उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

**बजार व्यवस्थापन र जैविक विविधता**

७१.बजार अनुगमन कार्यलाई निरन्तरता दिनुका साथै नियमित अनुगमन मार्फत उपभोग्य बस्तुहरुको चेकजाँच गरिनेछ ।

७२.किसानको उत्पादनलाई बजार सम्म पुर्याउनका लागि सहजिकरण गरिनेछ ।

७३.रैथाने बालीको जगेर्ना,बिउ उत्पादन तथा संरक्षणमा जोड दिइनेछ ।

**बैंक तथा वित्तिय संस्थाहरु**

७४.सामाजिक सुरक्षा,उपभोक्ता समिति,सप्लायर्स,फर्म,प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष रोजगार कार्यक्रमको ज्याला लगायत सबै प्रकारका भुक्तानी बैंङ्किक प्रणाली बाट गर्ने व्यवस्था मिलाइनेछ ।

७५.गाउँपालिका भित्र संचालनमा रहेका सहकारी र बचत समुहलाई अनुगमनको दायरामा ल्याइनेछन्।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

७६.सबै प्रकारका सामाजिक,आर्थिक विभेदको अन्त्य गर्दै विकास,समृद्धि र सामाजिक न्यायको यात्रालाई गतिशिल बनाउनका विभिन्न खालका जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन।

७७.न्यायमा पहुँच नपुगेका एकल महिला,दलित,हलिया,खलिया,अपाङ्गता भएका व्यक्ति,हिंशा पिडित महिला,बालबालिका तथा जेष्ठ नागरिक तथा असहाय नागरिकहरुका लागि निशुल्क कानुनी सहायता तथा परामर्श दिइनेछ ।

७८.वालविवाह,छाउपडी,महिला बिरुद्धका कुरिति,भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछन ।

७९.न्यायिक समितिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।

८०.जोखिममा रहेका अनाथ र असहाय वालवालिकाको संरक्षणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

८१.गाउँपालिकाले दिदै आएको अपाङ्ग भतामा मासिक रु २०० का दरले बृद्धि गरि (ग) बर्गका अपाङ्गलाई मासिक रु ४०० र (घ) बर्गका अपाङ्गलाई मासिक रु ५०० का दरले अपाङ्ग भता उपलब्ध गराइनेछ ।

८२.मानव विकास सुचकाँङ्कका दृष्ट्रिले पिछडिएका क्षेत्र,बर्ग एवम समुदायलाई प्राथमिकता दिइनेछ।

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

संस्थागत विकास,सेवा प्रवाह तथा सुशासन

८३.शान्ति सुरक्षाको प्रत्याभुति,भ्रष्ट्राचार नियन्त्रण,सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

८४.गाउँपालिका भित्रका नागरिकहरुलाई सेवा उपलब्ध गराउनका लागि गाउँपालिको केन्द्र जुइडीमा नागरिकता र मालपोत शिविर संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएकोछ।

८५.आन्तरिक आयलाई सवल बनाउन राजश्वको दायरा बढाइएकोछ ।

८६.कार्यालयको जिन्सी अभिलेख व्यवस्थित गर्न सफ्टवेयर (पामस) प्रयोगमा ल्याइनेछ।

८७.सार्वजनिक सेवालाई सर्वसुलभ,छिटोछरितो र प्रविधिमैत्री बनाइनेछ।सेवाग्राही बाट पृष्ठपोषण लिने र नागरिक बाट प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

८८.कर्मचारीको क्षमता विकासका लागि समय सापेक्ष तालिम,गोष्ठी,कार्यक्षमताका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ।

८९.गाउँपालिकाले करार र ज्यालादारीमा भर्ना गरेका कर्मचारीहरुको मासिक रु २०००।का दरले तलब बृद्धि गरिएकोछ ।

९०.आर्थिक बर्ष २०७७।२०७८ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत संचालनमा रहेका अधुरा योजनाहरु सम्पन्न गर्ने गरि बजेट विनियोजन गरिएकोछ ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

अब म आर्थिक बर्ष २०७८।२०७९ को अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न गइरहेकोछु ।

**आम्दानी तर्फः**

संघीय सरकार बाट प्राप्त बित्तिय समानिकरण अनुदानमा रु.७ करोड ९२ लाख,सर्शत अनुदानमा (चालु) रु ८ करोड ८७ लाख, सशर्त अनुदानमा (पुजिगत) रु ७३ लाख, बिशेष अनुदानमा रु २ करोड १७ लाख,समपुरक अनुदान मा रु ५३ लाख, राजश्व बाँडफाडमा रु.५ करोड ५२ लाख प्राप्त भएको र त्यसैगरि प्रदेश सरकार बाट बित्तिय समानिकरण अनुदानमा रु.५३ लाख ७७ हजार,बिशेष अनुदानमा रु.२५ लाख,समपुरक अनुदानमा ४९ लाख ३४ हजार र राजश्व बाँडफाडमा रु ९ लाख ५ हजार प्राप्त भएकोछ। गाउँपालीका बाट उठ्ने अनुमानित आन्तरिक आम्दानी रु १६ लाख ८० हजार ,अल्या रकम आ.ब.०७७/०७८ को रु १ करोड ३० लाख गरी जम्मा आय (रु **२८ करोड ५७ लाख ९६ हजार मात्र** । सामाजिक सुरक्षा कोषकठ रकम यसमा समाबेश गरिएकोछैन) अनुमान गरिएकोमा सोहि परिधिभित्र रही बिभिन्न शिर्षकहरुमा रकम बिनियोजित गरेकोछु ।

**बिनियोजित खर्च तर्फः**

विनियोजित गरिएको रकम मध्य रु.६ करोड ३७ लाख ८५ हजार रकम चालु खर्च तर्फ बिनियोजित गरेकोछु। संघीय सरकार बाट प्राप्त शर्सत अनुदान (चालु) रु. ८ करोड ८७ लाख र शर्सत अनुदान (पुँजिगत) ७३ लाख जसरी प्राप्त भएकोछ। त्यही अनुसार खर्च गर्ने गरि सभामा पेस गरेकोछु। यस बाहेक संघ बिशेष मार्फत रु.२ करोड १७ लाख,संघ समपुरक मार्फत रु.५३ लाख,प्रदेश बिशेष मार्फत रु.२५ लाख,प्रदेश समपुरक मार्फत रु.४९ लाख ३४ हजार र समानिकरण पुँजिगत को रु.९ करोड १५ लाख ७७ हजार गरि **जम्मा रु १२ करोड ६० लाख ११ हजार** पुँजिगत विकास कार्यक्रम तर्फ विनियोजित गरेकोछु ।

**अर्थिक बिकास तर्फः**

**(क) कृषि बिकास तथा पशु सेवा**
कृषि विकास तथा पशु सेवा कार्यक्रम तर्फ सम्भाब्यताको आधारमा जम्मा रु २५ लाख रकम बिनियोजित गरेकोछु ।

गाउँ कार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

सामाजिक बिकास तर्फः

(क) शिक्षाः
शिक्षातर्फ सर्शत अनुदानमा आयको रकम सोही बमोजिम खर्च हुने गरि विनियोजन गरेकोछु। शिक्षा क्षेत्रका सम्रग आवश्यकताहरु महशुस गरि जम्मा रु २ करोड १३ लाख ३४ हजार रकम बिनियोजित गरेकोछु।

(ख)स्वास्थ्य
स्वास्थ्य तर्फ सर्शत अनुदानमा आएको रकम सोहीअनुसार खर्च हुने गरि विनियोजित गरेकोछु। स्वास्थ्य क्षेत्रका सम्रग आवश्यकता र समस्याहरु महशुस गरि भवन निर्माण तथा कार्यक्रम गरि जम्मा रु २ करोड ५९ लाख ८ हजार रकम विनियोजित गरेकोछु।

(ग)खानेपानी तथा सरसफाई
खानेपानी तथा सरसफाई क्षेत्रका सम्रग आवश्यकताहरु महशुस गरी रु ८६ लाख ३४ हजार रकम विनियोजन गरेकोछु।

(घ) संस्कृती प्रवद्धन
संस्कृती प्रवद्धन तर्फ रु १७ लाख ८० हजार रकम विनियोजन गरेकोछु।

(ङ)खेलकुद तथा मनोरञ्जन
खेलकुद क्षेत्रको बिकासलाई मध्यनजर राख्दै रु.७२ लाख रकम बिनियोजन गरेकोछु।

(च)लैंगिक समानता तथा समाजिक समावेशिकरण
लैगिक समानता तथा सामाजिक समाबेशिरण तर्फ रु.६ लाख ८० हजार बिनियोजन गरेकोछु।

पुर्वाधार विकास

(क) सडक पुर्वाधार
पुर्वाधार विकास अर्न्तरगत सडक निर्माण तथा मर्मतको लागी रु १ करोड ४ लाख ३५ हजार रकम विनियोजन गरेकोछु।

(ख) सिँचाई
सिँचाइको आवश्यकता लाई मध्यनजर गर्दै रु १ करोड १७ लाख ३४ हजार रकम विनियोजन गरेकोछु।

(ग) वडा कार्यालय भवन निर्माणः
वडा कार्यालय भवन निर्माण तर्फ रु २४ लाख ५० हजार रकम विनियोजन गरेकोछु।

(घ) वन तथा वाताबरण संरक्षणः
वाताबरण संरक्षण शिर्षक तर्फ रु ५ लाख ६७ हजार रकम विनियोजित गरेकोछु।

(ङ)प्रकोप व्यवस्थापनः
प्रकृतिक प्रकोप व्यवस्थापनको लागी रु १६ लाख ९१ हजार विनियोजन गरेकोछु।

गाउँपालिका भित्र कार्यक्षेत्र बनाई विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वय तथा सहकार्य गर्नको लागी गाउँपालिकाको रकम विनियोजित गर्ने क्रममा छुटेका पक्षहरुलाई गाउँपालिकाले आवश्यकता महशुस गरेमा हिउदे अधिवेशन बाट खर्च गर्न सक्ने गरि रु २ करोड १५ लाख ३७ हजार रकम विनियोजित गरेकोछु।

आ.व.०७८/०७९ को बजेट तथा कार्यक्रममा समावेश गर्न नसकेका कार्यक्रमहरु आगामी आ.व.को बजेट तथा कार्यक्रममा समाबेश गर्दै लैजाने तथा यहाँको श्रोत्त साधनले गर्न नसकिने ठुला बिकासका योजनाहरु केन्द्रिय तथा प्रदेश सरकार संग माग तथा अनुरोध गर्ने गरि व्यवस्था मिलायकोछु।
यो बजेट तथा कार्यक्रमको पुर्ण कार्यान्वयन भई सुखी खुसी एवम् समृद्ध गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने अपेक्षा लिएकोछु। यसको लागी यहाँहरु सवैको समन्वय र सहयोग आवश्यकछ। आर्थिक बर्ष २०७८।२०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव दिई सहयोग गर्नु हुने गाउँसभा सदस्यहरु,राजनीतिक दल,राष्ट्रसेवक,नागरिक समाज र गाउँपालिकाका नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद

मिति २०७८ असार १० गते

जगन्नाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जुडी, बाजुरा, सुदुर पश्चिम प्रदेश नेपाल
नवौं गाउँ सभा आ.व. २०७८।७९ को वार्षीक बजेट

## चालु खर्च

| क.स. | चालु संकेत | शिर्षक | बजेट रु | बजेटको स्रोत | बजेटको स्रोतको तह | |
|---|---|---|---|---|---|---|
| १ | २१११९ | पारिश्रमिक कर्मचारी | ४,७००,०००.०० | राजस्व बाँडफाड | संघिय सरकार | कैफियत |
| २ | २१११९ | पारिश्रमिक कर्मचारी | ४,०००,०००.०० | अ.ल्या | गा.पा. | |
| ३ | २११२१ | पोषाक कर्मचारी | १७०,०००.०० | राजस्व बाँडफाढ | संघिय सरकार | |
| ४ | २११३१ | स्थानीय भत्ता कर्मचारी | २,१४८,०००.०० | राजस्व बाँडफाज्ञण | संघिय सरकार | |
| ५ | २११३२ | महंगि भत्ता कर्मचारी | ४०८,०००.०० | राजस्व बाँडफाज्ञज्ञ | संघिय सरकार | |
| ६ | २११३५ | प्रोत्साहान भत्ता कर्मचारी | ६१२,०००.०० | राजस्व बाँडफाज्ञद्द | संघिय सरकार | |
| ७ | २११३४ | बैठक भत्ता कर्मचारी | २००,०००.०० | राजस्व बाँडफाज्ञघ | संघिय सरकार | |
| ८ | २११३९ | अन्य भत्ता कर्मचारी | १००,०००.०० | राजस्व बाँडफाज्ञद्ध | संघिय सरकार | |
| ९ | २११२३ | उपचार खर्च कर्मचारी | २००,०००.०० | राजस्व बाँडफाज्ञछ | संघिय सरकार | |
| १० | २११४१ | पदाधिकारी बैठक भत्ता गाउँपालिका | ५४०,०००.०० | राजस्व बाँडफाज्ञट | संघिय सरकार | |
| ११ | २११४१ | पदाधिकारी बैठक भत्ता वडापालिका | ९१२,०००.०० | राजस्व बाँडफाज्ञठ | संघिय सरकार | |
| १२ | २११४२ | पदाधिकारी अन्य सुविधा | ५,७००,०००.०० | राजस्व बाँडफाज्ञड | संघिय सरकार | |
| १३ | २११४२ | पदाधिकारी अन्य सुविधा( उपचार खर्च) | ५००,०००.०० | राजस्व बाँडफाज्ञढ | संघिय सरकार | |
| १४ | २११४२ | पदाधिकारी अन्य सुविधा( पोसाक) | ३४०,०००.०० | राजस्व बाँडफाद्दण | संघिय सरकार | |
| १५ | २११४९ | पदाधिकारी अन्य भत्ता | २८७,०००.०० | राजस्व बाँडफाद्दज्ञ | संघिय सरकार | |
| १६ | २२१११ | पानी तथा बुजुली | १००,०००.०० | राजस्व बाँडफाद्दद्द | संघिय सरकार | |
| १७ | २२११२ | संञ्चार महसुल | ५००,०००.०० | राजस्व बाँडफाद्दघ | संघिय सरकार | |
| १८ | २२२११ | इन्धन पदाधिकारी | ५००,०००.०० | राजस्व बाँडफाद्दद्ध | संघिय सरकार | |
| १९ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ४००,०००.०० | राजस्व बाँडफाद्दछ | संघिय सरकार | |
| २० | २२२१३ | सवारी साधन मर्मत खर्च | १,०००,०००.०० | अ.ल्या. | गा.पा. | |
| २१ | २२२२१ | मेसिनरी औजार मर्मत तथा संञ्चालन खर्च | ३००,०००.०० | राजस्व बाँडफाद्दठ | संघिय सरकार | |
| २२ | २२३११ | मसलन्ध तथा कार्यालय सम्बन्धि खर्च गा.पा. र वड | १,६००,०००.०० | राजस्व बाँडफाद्दड | संघिय सरकार | |
| २३ | २२३१४ | इन्धन अन्य प्रयोजन | ७५,०००.०० | राजस्व बाँडफाघण | संघिय सरकार | |
| २४ | २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | १,०००,०००.०० | राजस्व बाँडफाघज्ञ | संघिय सरकार | |
| २५ | २२४१३ | करार सेवा सुल्क | ८,९४५,०००.०० | राजस्व बाँडफाघद्द | संघिय सरकार | |
| २६ | २२४१३ | करार सेवा सुल्क | ९०५,०००.०० | प्रदेश राजश्व | प्रदेश सरकार | |
| २७ | २२५११ | कर्मचारी तालिम खर्च | ५००,०००.०० | राजस्व बाँडफाघघ | संघिय सरकार | |
| २८ | २२५१२ | सिप विकास तथा जनचेतना गोष्ठि सम्बनधी खर्च | ५००,०००.०० | राजस्व बाँडफाघद्ध | संघिय सरकार | |
| २९ | २२५२२ | कार्यक्रम खर्च | २१,०९२,०००.०० | राजस्व बाँडफाघछ | संघिय सरकार | |
| ३० | २२५२९ | बिबिध कार्यक्रम खर्च | १००,०००.०० | राजस्व बाँडफाघट | संघिय सरकार | |
| ३१ | २२६११ | अनुगमन तथा मुल्याङ्कन खर्च | १,२००,०००.०० | राजस्व बाँडफाघठ | संघिय सरकार | |
| ३२ | २२६१२ | भ्रमण खर्च | ३००,०००.०० | राजस्व बाँडफाघड | संघिय सरकार | |
| ३३ | २२७११ | विविध खर्च गा.पा. | ८००,०००.०० | राजस्व बाँडफाघढ | संघिय सरकार | |
| ३४ | २२७११ | विविध खर्च वडा कार्यालय | ३६०,०००.०० | राजस्व बाँडफाढण | संघिय सरकार | |
| ३५ | २२७२१ | सभा संचालन खर्च | ४००,०००.०० | राजस्व बाँडफाढज्ञ | संघिय सरकार | |
